# नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७४

इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धमा विनियमावली बनाउन वान्छनीय भएकोले, दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले देहाय बमोजिमको विनियमावली बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विनियमावलीको नाम "नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७४" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः -

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले "दूरसञ्चार नियमावली, २०५४" लाई बुझाउनेछ ।

(ग) "प्राधिकरण" भन्नाले दूरसञ्चार ऐन, २०५३ को दफा (३) वमोजिम स्थापना भएको नेपाल दूरसंचार प्राधिकरण संझनु पर्दछ ।

(घ) "अनुमतिपत्र प्राप्त व्यक्ति वा सेवा प्रदायक" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम गठित इन्टरनेट इमेल सहित सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनेछ जसलाई यस पछि "सेवा प्रदायक" भनि संवोधन गरिनेछ ।

(ङ) "अनुमतिपत्र दिने व्यक्ति" भन्नाले दूरसञ्चार ऐन, २०५३ को दफा ३ (२) बमोजिम गठित "नेपाल दूरसञ्चार प्राधिकरण" लाई बुझाउनेछ । जसलाई यसपछि "प्राधिकरण" भनी संवोधन गरिनेछ ।

(च) "ग्राहक" भन्नाले सेवा प्रदायकले उपलव्ध गराएको दूरसञ्चार सेवा ग्रहण गर्ने व्यक्तिलाई जनाउनेछ ।

(छ) "व्यक्ति" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति, कम्पनी वा संस्थालाई बुझाउनेछ ।

(ज) "नेटवर्क" भन्नाले सेवा प्रदान गर्ने उपकरण देखि अन्य स्थानसम्म आवद्ध गर्न प्रयोग गरिएका केवुल, रेडियो, अप्टिकल फाइवरलाई जनाउनेछ ।

(झ) "आधारभुत टेलिफोन सेवा (Basic Telephone Service)" भन्नाले टेलेक्स, टेलिग्राफ लगायत कुनै पनि किसिमको टेलिफोन सेवालाई जनाउनेछ ।

## परिच्छेद - २
## इन्टर्नेट तथा इमेल सञ्चालनको उद्धेश्य तथा प्रक्रिया

३.**उद्धेश्य :** (१) इलेक्ट्रोनिक माध्यमबाट पत्राचार एवं सुचना (लिखित सामाग्री) आदान प्रदान गर्ने तथा सुचनाहरु संचय गरी चाहिएको बखत प्राप्त गर्न सक्ने सूविधा प्रदान गर्न अतिरिक्त दूरसञ्चार सेवाको रुपमा वर्गिकृत भइ खुला भएको इन्टर्नेट/इ-मेल विश्वभर व्यापक रुपमा प्रयोगमा रहेको र यो सेवा नेपालमा सीमित मात्रामा मात्र संचालन भई रहेको सन्दर्भमा सेवा उपभोग गर्न चाहनेहरुको लागि सर्वसुलभ हुन सक्ने गरी यो सेवाको विकास एवं विस्तार गर्दै जाने उद्देश्य राखी सेवा संचालन गर्न चाहने प्राविधिक तथा आर्थिक दक्षता तथा क्षमता भएको जो सुकैले जुनसुकै बखत अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने वातावरण तय गर्न यस विनियमावलीको प्रमुख उद्धेश्य रहेको छ ।

४. **इन्टर्नेट इ-मेल सहित, फ्याक्स मेल सेवा :**

इन्टर्नेट, इ-मेल, तथा फ्याक्स मेल सेवा निम्न दूई प्रक्रियाबाट संचालन गर्न सकिनेछ ।

(क) सिधा अन्तर्राष्ट्रिय सम्पर्क कायम हुन सक्ने गरी सेवा संचालन गर्न ।

(ख) सिधा अन्तर्राष्ट्रिय सम्पर्क कायम हुन सक्ने गरी सेवा संचालन गर्न अनुमति प्राप्त गरेका इन्टर्नेट सेवा प्रदायकबाट Internet bandwidth लिई सेवा संचालन गर्न ।

५.**अनुमतिपत्र लिनु पर्ने :** विनियम ४ मा उल्लेख भए वमोजिम कुनै पनि प्रकारबाट Internet सेवा संचालन गर्न इच्छुक व्यक्ति वा फर्मले प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी सेवा संचालन गर्नु पर्नेछ ।

६. **इन्टर्नेट इ-मेल सहित सेवा संचालनका लागि निवेदन दिने प्रक्रिया :**

(१) इन्टर्नेट (इ-मेल सहित) सेवा संचालन गर्न चाहनेहरुले अनुमतिपत्रको लागि अनुसूचि १ मा तोकिएको ढांचामा आवेदन भरी प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ ।

(२) इन्टर्नेट (इ-मेल सहित) सेवा संचालन गर्न चाहनेहरुले अनुमतिपत्रको लागि निवेदन पेश गर्दा निवेदन साथ देहाय बमोजिमका विवरणहरु अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ ।

(क) आर्थिक पक्ष आवेदक कम्पनी तथा व्यक्तिहरुको खुद सम्पत्ति (Net Worth) :

(१) न्यूनतम पूंजी (चुक्ता पूंजी) ३ करोड हुनुपर्नेछ तर ग्रामिणको हकमा रु.३० लाख हुनुपर्ने छ

(२) आवेदकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न प्राधिकरण समक्ष निम्न कागजातहरु पेश गर्नु पर्नेछ :- (क) दर्तावाल (Registered) चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु.४ करोड बराबर तथा ग्रामिणको हकमा रु.४० लाख बराबरको खुद सम्पत्ति (Net Worth) रहेको विवरण पेश गर्नुपर्नेछ ।

(ख) निम्न विवरणहरु संलग्न गरी व्यवसायिक योजना पेश गर्नुपर्ने छ :

(१) अनुमानित पुँजी

(२) प्रस्तावित कुल लगानी

(३) लगानीको श्रोत

(४) संचालन खर्च

(५) सेवा सञ्चालन गरेको वर्ष देखि ५ वर्षसम्मको कुल अनुमानित आय, कुल अनुमानित खर्च र कुल अनुमानित नाफा/नोक्सानको हिसाबको प्रक्षेपण (Projection) :- Pay back period, NPV, IRR र विभिन्न विकल्पमा Sensitivity Analysis गर्नुपर्ने ।

(ग) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदनमा निम्न विवरण खुलाई समावेश गर्नुपर्ने छ :

**(अ) मार्केटिङ्ग पक्ष** :

(१) सेवा सञ्चालन गरिने क्षेत्रहरूमा के कति ग्राहकहरू प्रक्षेपण गरिएको छ सालै पिच्छे ५ बर्ष सम्मको क्षेत्रगत ग्राहकको अनुमानित संख्या ।

(२) आफूले सेवा दिइने भौगोलिक क्षेत्रहरूमा अनूमानित ग्राहकको संख्या र सो मध्ये आफ्ना ग्राहकको संख्या के कति हून सक्छ सो (Market Share) को विवरण ।

(३) Roll out Plan पेश गर्नुपर्ने ।

(४) ग्राहकलाई दिइने सेवाको गुणस्तर सम्बन्धमा अपनाइने नीति ।

(५) अनूमति पत्र प्राप्त भएपछि उपकरण जडान कार्य शुरु गर्ने मिति र ग्राहकलाई सेवा उपलव्ध गराउन शूरु गर्ने मिति ।

(६) उक्त सेवा सम्वन्धमा गरेका कार्य संचालन योजना ।

**(आ) व्यवस्थापन पक्ष** :

(१) एकजना सञ्चालक वा कार्यकारी प्रमुखको कम्तिमा ७ वर्षको व्यवसायिक अनुभव भएको सञ्चालक हुनुपर्ने तर ग्रामिण क्षेत्रको लागि कम्तिमा ३ बर्षको व्यवसायिक अनुभव भएको हुनुपर्ने ।

(२) प्रस्तावित दुरसञ्चार सेवा सञ्चालनमा के कति जनशक्ति संलग्न हूनेछ संगठनको ढाँचा सहितको विवरण ।

(३) एक वा एकभन्दा बढी संचालक वा व्यक्ति मिली साझेदारीमा सेवा संचालन गरिने भए साझेदारीहरु बीच भएको सम्झौता वा समझदारीपत्र को प्रतिलिपि ।

(४)कुनै विदेशी संघ/संस्थासँग संयुक्त लगानी (Joint Venture) मा सेवा संचालन गर्न लागिएको भए सो सम्वन्धी सम्झौता वा समझदारीपपत्र को प्रतिलिपि ।

**(इ) प्राविधिक पक्ष**

(१) सेवा सञ्चालन गर्न प्रयोग गरिने उपकरणको स्तर, मोडल नं., निर्माताको नाम, निर्माण गरिने मुलुकको विवरण र उपकरण जडान हुने स्थान खुलाउनु पर्ने छ ।

(२) उपकरण मर्मत संभार गर्न अपनाईने नीति, जस्तै आफ्नै कर्मचारी मार्फत गराउने हो वा उपकरण निर्माताबाट गराउने हो प्रष्ट खुलाउने ।

(३) फ्रिक्वेन्सी प्रयोग हूने सेवा भए के कति फ्रिक्वेन्सी ब्याण्ड चाहिने हो र उक्त फ्रिक्वेन्सीको प्रयोग कसरी गरिने हो सो को विवरण ।

(४)अन्य नेटवर्कसँग आवद्ध हुने स्थान, तरिका र किसिम (Microwave/Satellite/Cable etc.) खुलाउनु पर्ने छ ।

(५) Internet Bandwidth लिएर सेवा संचालन गर्न चाहनेले नेटवर्क सेवा प्रदायकबाट Bandwidth लिने सम्वन्धमा भएको द्विपक्षिय सम्झौताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(६) सेवा प्रदान गर्दा प्रयोग गरिने माध्यम (dial up, Modem, leased Line, तार विहिन, तार रहित) के हो सो स्पष्ट खुलाईएको हुनु पर्दछ ।

(७) अन्य नेटवर्कसंग आवद्ध हुने स्थान, तरिका र प्रविधि (VSAT, Leased Line) खुलाएको हुनु पर्दछ ।

(८) सेवा संचालनका सम्बन्धमा वातावरणीय प्रभावका बारेमा नीति तथा योजना पेश गर्नुपर्ने छ ।

(९) इन्टर्नेट सेवाको दुरुपयोगबाट हुन सक्ने आपराधिक क्रियाकलाप न्युनीकरण संग सम्बन्धित (Security, Monitoring, Control Mechanism) विवरण दिनुपर्ने ।

**(उ) अन्य थप विवरण** विनियम ६ को उपविनियम (१) को विवरणका अलावा देहाय बमोजिमका विषयहरु अनिवार्य रुपले खुलाउनुपर्नेछ ।

(१) सेवा प्रदान गरे वापत ग्राहकसंग लिइने महसुल (Tariff) मुख्यत डिपोजिट, मासिक शुल्क भोलुमवेस्ड वा समयावधि तोकी दर तथा छुट (Discount) को व्यवस्था भए सो समेत खुलाएको हुनु पर्नेछ ।

(२) VAT/PAN दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(३) अनुमतिपत्र लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि ।

(४) अनुमतिपत्र लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात जस्तै कम्पनी दर्ता प्रमाण पत्र, कम्पनीको प्रवन्धपत्र नियमावलि ।

(५) प्राविधिक निपुणता तथा पेशा सम्वन्धी दक्षता सम्वन्धी कागजात

(६) प्राधिकरणले समय समयमा तोकेका विषयहरु ।

(७) माथि विनियम (६) को उप विनियम (१) र (२) अन्तर्गत उल्लेख गरिएका विवरणहरु सहितको दरर्खास्त प्राप्त हून आएपछि सोको मूल्यांकन गरी उपयूक्त देखिएमा अनूमतिपत्र दस्तूर वूझाउन प्राधिकरणले निवेदकलाई सुचना गर्नेछ र तोकिएको दस्तुर प्राप्त हुनासाथ अनुमतिपत्र प्रदान गर्नेछ ।

८. इन्टर्नेट टेलिफोनी (Internet Telephony) :- (१)इन्टर्नेट टेलिफोनी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले इन्टर्नेट टेलिफोनी सेवा सञ्चालन गर्न चाहेमा अनुसूची २ बमोजिका शर्तहरु पालना गर्नुपर्नेछ ।

(२) इन्टर्नेट टेलिफोनी सेवा सञ्चालन गर्नुपूर्व इन्टर्नेट टेलिफोनी सेवाको महसुल दर प्राधिकरणबाट स्वीकृत गर्नुपर्ने छ ।

(३) इन्टर्नेट टेलिफोनी सेवा सञ्चालन सम्बन्धी नम्बरीङ रेन्ज प्राधिकरणले तोके बमोजिम हुनेछ ।

९. अनुमति पत्र :- अनुमतिपत्रको ढांचा अनूसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

१०. अनुमति पत्र दस्तुर :- अनुमतिपत्र दस्तुर अनुसूची ४ बमोजिम हुनेछ ।

११. अनूमतिपत्र दस्तुर बुझाउने तरिका :-

(क) जुन सेवा संचालन गर्नको लागि अनुमतिपत्र लिन खोजिएको हो सो सेवाको लागि तोकिएको अनुमतिपत्र दस्तुर रकम निवेदन स्वीकृत भएको जानकारी प्राप्त भएको एक महिना भित्र एकमुष्ट रुपमा बुझाउन सकिनेछ ।

(ख) किस्तावन्दीको रुपमा बूझाउन चाहने भएमा प्राधिकरणबाट तोकिएको किस्ता अवधिभित्र सम्पुर्ण दस्तूर रकम चूक्ता हूने गरि बुझाउन सकिनेछ ।

(ग) अनूमतिपत्र दस्तूर एकमुष्ट नबुझाई किस्तावन्दी रुपमा बुझाउने भएमा किस्तावन्दीको रकम Net Present Value (NPV) को आधारमा हिसाव गरिने छ । यसरी हिसाव गर्दा १२ प्रतिशत ब्याजदरमा गरिने छ र प्राधिकरणले तोकेबमोजिमको रकम किस्ता अवधिभित्र बूझाउनू पर्नेछ ।

१२. सेवा शुल्क :-

दूरसञ्चार ऐन, २०५३ को दफा ४२ अनुसार इन्टर्नेट इ-मेल सहित सेवा संचालन गर्ने सेवा प्रदायकले सेवा वापत ग्राहकसंग लिईने विभिन्न शुल्कको किसिम र दर (Tariff Rate) प्राधिकरणबाट स्वीकृत गर्नुपर्नेछ । यसरी लगाईने विभिन्न शुल्कको विवरण सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्ने छ ।

१३. **<u>इन्टर्नेट इ-मेल सहित सेवा संचालकले पालना गर्नु पर्ने शर्तहरु :</u>** (१) इन्टर्नेट (इ-मेल सहित) सेवा संचालन गर्न चाहने **संचालकले** निम्न शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) अनुमतिपत्रमा उल्लेखित शर्तको अधिनमा रहि सेवा संचालन गर्नु पर्नेछ ।

(ख) सेवा प्रदान गरे वापत ग्राहकसंग लिइने सेवा शुल्क वारेमा प्राधिकरण्बाट तोकिएको अधिकतम दर भन्दा बढि शुल्क लिन पाइने छैन ।

(ग)अनुमतिपत्रमा तोकिए वमोजिमको गुणस्तरको सेवा चौविसै घण्टा उपलव्ध गराउनु पर्नेछ ।

(घ) प्रचलित नियम कानुनको परिधिभित्र रहि कार्य गर्नु पर्नेछ ।

(ङ) सबै ग्राहकलाई समान सेवा शर्तहरु लागू गर्नु पर्नेछ र स्वस्थ प्रतिस्पर्धात्मक वातावरणलाई असर नपर्ने गरी सेवा संचालन गर्नु पर्नेछ ।

(च) सेवा संचालनबाट भएको कुल वार्षिक आयका ४ प्रतिशत रकम रोयल्टी वापत प्रत्येक वर्ष नेपाल सरकारमा वूझाउनू पर्नेछ ।

(छ) सेवा संचालनबाट भएको कुल वार्षिक आयको २ प्रतिशत रकम प्राधिकरणले खडा गरेको ग्रामिण दुरसंचार विकाश कोषमा वार्षिक रुपमा वूझाउनु पर्नेछ ।

(ज) नेपाल सरकारलाई वुझाउनू पर्ने अन्य कर, भन्सार इत्यादी नियमानुसार वुझाउनु पर्नेछ ।

(झ) रेडियो फ्रिक्वेन्सी प्रयोग गर्ने भएमा छुट्टै स्वीकृति लिनु पर्नेछ ।

(ञ) यो सेवाबाट आधारभुत टेलिफोन (Voice telephone) सेवा संचालन गर्न पाइने छैन र यो सेवालाई देश भित्र वा वाहिर पब्लिक स्विच टेलिफोन नेटवर्क (PSTN) र पब्लिक ल्याण्डलाइन मोवाइल नेटवर्क (PLMN) संग आवद्ध गर्न पाइने छैन ।

(ट)अनुमतिपत्रको अवधी ५वर्षको हुनेछ । उक्त अवधि उप्रान्त पनि सेवा संचालन कायम नै राख्न चाहेमा अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै अनुमतिपत्रको नविकरणको लागि प्राधिकरण समक्ष निवेदन पेश हुन आएमा तोकिए वमोजिमको नविकरण दस्तुर लिई अर्को ५ वर्षको लागि प्राधिकरणले अनुमतिपत्र नविकरण गर्न सक्नेछ ।

(ठ) अश्लील, उत्तेजनात्मक एवं समाजमा विकृति फैलाउने तथा राष्ट्रिय हितमा बाधा पुऱ्याउने खालका दृष्य, चित्र, लेख जस्ता सामाग्रीहरु इन्टर्नेट मार्फत प्राप्त गर्न तथा प्रसार गर्न समेत नपाउने व्यवस्था सेवा संचालकले गनु पर्नेछ ।

(ड) सेवा संचालन सम्वन्धमा प्राधिकरणबाट समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१४. निवेदनमा उल्लिखित समयभित्र सेवा सञ्चालन नगरेमा उचित कारण सहीत स्पष्टीकरण पेश गर्नु पर्नेछ । पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा वा उक्त स्पष्टिकरण पश्चात थप गरेको समयभित्र पनि सेवा संचालन नगरेमा अनूमतिपत्र रद्द गर्न सकिनेछ । यसरी अनूमतिपत्र रद्द भएमा सो वापत बुझाएको अनुमतिपत्र दस्तुर जफत गरिने छ ।

१५. एक भन्दा बढी किसिमको दूरसंचार सेवाहरु संचालन गर्ने संस्थाले प्रत्येक सेवालाई छूट्टै इकाई वा Subsidiary को व्यवस्था गरी सेवा संचालन गर्नु पर्नेछ र प्रत्येक सेवाको आम्दानी खर्चको हिसाव राख्न छुट्टा छुट्टै लेखाको व्यवस्था गर्नु पर्नेछ । उक्त सेवा एक आपसमा Cross Subsidies गर्न पाइने छैन ।

१६. अनुमतिपत्र अनूसारको सेवा सञ्चालन वापत प्राप्त हूने वार्षिक कूल आम्दानीको ४ प्रतिशत रकम रोयल्टी वापत नेपाल सरकारलाई र यसको अतिरिक्त ग्रामीण दुरसञ्चार विकास कोषको लागि २ प्रतिशत रकम नेपाल दूरसंचार प्राधिकरणमा बुझाउनु पर्नेछ ।

## परिच्छेद - ३
## सेवा पुनः बिक्रि (Resale)

१७. **सेवा पुनः बिक्रि (Resale) गर्ने सम्वन्धमा** (१)इन्टर्नेट इ-मेल सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त सेवा प्रदायकले सेवा पुनः बिक्रि (Resale) गर्ने सम्वन्धमा यो सेवालाई देहाय बमोजिमको व्यवस्था गरी सेवा पूनः विक्रि (Resale) गर्न गराउन सक्नेछ ।

(क) सर्वसाधारणले प्रयोग गर्न सक्ने गरी पि.सि.ओ स्थापना गरेर वा गर्न लगाएर ।

(ख) वहुसंख्यक प्रयोगको रुपमा प्रयोग गर्न सक्ने गरी टेलिसेन्टर, साइवर क्याफे, होटल, पुस्तकालय, शिक्षण संस्था, औद्योगिक प्रतिष्ठान जस्ता सामुदायिक केन्द्रहरुमा Modem, Dial up वा Leased Circuit को Internet bandwidth प्रदान गरेर ।

(२) सेवा पुनः विक्रि (Resale) गर्दा गराउंदा सेवा प्रदायकले पालना गर्नु पर्ने शर्तहरु

(क) Resale प्रयोजनको लागि माथि विनियम १७ वमोजिमको व्यवस्था गरी सेवा संचालन गर्दा गराउंदा त्यस्तो सेवा संचालन गरिने केन्द्रहरुको सुची तथा त्यसरी सेवा संचालन गरिने सम्वन्धमा सेवा प्रदायक र Reseller विच भएको सम्झौताको प्रतिलिपि त्यस्तो संझौता भएको मितिबाट १ महिना भित्र सेवा प्रदायकले प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ ।

(ख) Resale प्रयोजनको लागि माथि विनियम १७ को उपविनियम (१) को (क) र (ख) वमोजिमको व्यवस्था गरी सेवा उपलब्ध गराउंदा सेवा केन्द्रको कम्पाउण्ड भित्रबाट मात्र सेवाको प्रयोग हुन सक्ने गरी सिमितता कायम राख्नु पर्नेछ । उदाहरणतः कुनै

एक साइवर क्याफे अथवा कुनै एक होटल मा Resale प्रयोजनको लागि सेवाको व्यवस्था गर्न प्रदान गरिएको नेटवर्क उक्त साइवर क्याफे अथवा होटलको कम्पाउण्ड भन्दा वाहिर विस्तार गर्न पाइने छैन ।

(ग) Resale प्रयोजनको लागि यस निर्देशिका अनूसार Resale गरिएको सेवाको गुणस्तर कायम राखी सेवा संचालन गर्ने गराउने दायित्व सेवा प्रदायककै हुनेछ ।

(घ) पुनः विक्रि (Resale) गरिएको सेवा प्रयोग गर्ने प्रयोगकर्ताबाट असुल गरिने सेवा शुल्क इन्टर्नेट तथा इ-मेल सेवा प्रदायकहरुले नेपाल दुरसंचार प्राधिकरणबाट प्राप्त गरेको अनुमतिपत्रमा तोकिएको सेवा शूल्क दर रेटमा नवढाई वा सेवा प्रदायकहरुले समय समयमा घटाइएको दर रेटमा नबढने गरी ग्राहकलाई सेवा उपलव्ध गराउने दायित्व सेवा प्रदायककै हूनेछ ।

(ङ) पुन विक्रि वापत प्राप्त हुने आय समेत सेवा प्रदायकले आफ्नो आम्दानीमा समावेश गर्नुपर्ने छ ।

## परिच्छेद - ४
## विविध

१८.**कम्पनी दर्ता गर्नु पर्ने** :- (१) सेवा सञ्चालन गर्ने संस्था नेपाल सरकारको सम्बन्धित निकायमा रीत पुर्वक दर्ता भएको हुनु पर्नेछ र निवेदन दिएको मिति सम्म दर्ता कायम रहेको प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गर्नु पर्नेछ ।

(२) विदेशी व्यक्ति वा संस्थाले दूरसंचार सेवा संचालन गर्न चाहेमा नेपाली लगानीकर्तासंग कम्तिमा २० प्रतिशत नेपाली पक्षको लगानी हुने गरी संयुक्त साझेदारीमा कम्पनी दर्ता गर्नु पर्नेछ ।

**१९.ऐन, नियमको पालना गर्नू पर्ने** :-

(१) यो विनियमावली लागू हुनु भन्दा अघि अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकहरुको हकमा यो विनियमावली लागू भए पछि अनुमति पत्र नवीकरण दस्तुर का सम्बन्धमा यस विनियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(२) सेवा सञ्चालन गर्नेले नेपाल सरकारको प्रचलित ऐन तथा नियमहरूको पालना गर्नू पर्ने छ । यस बाहेक नेपाल सरकार वा नेपाल दुरसञ्चार प्राधिकरणले समय समयमा प्रकाशित गर्ने निर्देशनको पनि पालना गर्नु पर्नेछ ।

(३)सेवा संचालकले अनूमतिपत्रमा उल्लेख गरेका शर्त अनूसार कार्य भए नभएकोबारे प्राधिकरणबाट खटिएका कर्मचारीलाई जांच गर्न दिनुको साथै अनुगमनको शिलशिलामा प्राधिकरणबाट माग गरेका विवरण उपलव्ध गराउनु पर्नेछ ।

(४) अनुमतिपत्र लिएर सेवा संचालन गर्दा आईपर्ने कुनै पनि जोखिम (Risk) को पुर्ण जिम्मेवार अनुमतिपत्र प्राप्त व्यक्ति स्वंय हुनेछ ।

(५)अनुमतिपत्र अनुसार सेवा संचालन गर्न आवश्यक पर्ने अन्य कुनै पनि किसिमको सेवा तथा सुविधाहरुको व्यवस्था गर्नु अनुमतिपत्र प्राप्त व्यक्ति स्वयंको जिम्मेवारी हुनेछ ।

२०. **सेवाको गुणस्तर :-** सेवा संचालन गर्न दिईने अनुमतिपत्रमा उल्लेख गरे अनुसारको गुणस्तरको सेवा ग्राहकलाई उपलव्ध गराउनु पर्नेछ ।

**२१. दरखास्त दस्तूर :-** दरखास्त साथ नगद रु. ५००।०० प्राधिकरणमा बुझाएको भौचर संलग्न गरि दरखास्त पेश गर्नु पर्नेछ ।

२२. **ग्राहकसंग गरीने संझौता :-** प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी इन्टर्नेट इ-मेल सेवा संचालन गर्ने सेवा प्रदायकले सेवा प्रदान गर्दा आफ्ना ग्राहक संग संझौता गर्नुपर्ने छ । सेवा प्रदायक र ग्राहक बीच गरिने संझौता अनुसुचि ५ बमोजिम हुनेछ ।

**२३. विवादको समाधानः** इन्टर्नेट इ-मेल सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त सेवा प्रदायक र ग्राहक बीच विवाद भएमा नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली,२०६८ बमोजिम समाधान गर्नुपर्ने छ ।

**२४. समिति तथा उपसमिति गठन गर्न सकिनेः** (१) प्राधिकरणले आवश्यक ठानेमा यस विनियमावली बमोजिमको काम गर्नको लागि आवश्यक समिति, उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम गठन हुने समिति, उपसमितिको काम, कर्तव्य तथा अधिकार त्यसरी गठन गर्दाका वखत प्राधिकरणले तोके बमोजिम हुनेछ ।

**२५. खारेजी र बचाउः** (१) देहायका निर्देशिका खारेज गरिएका छन्:

(क) इन्टरनेट तथा इमेल सेवा सञ्चालन सम्बन्धी विशेष निर्देशिका खारेज गरीएको छ ।

(२) उपविनियम (१) बमोजिमका निर्देशिका बमोजिम भए गरेका काम कारबाहिहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची १**

**(परिच्छेद २ को विनियम ६ संग सम्बन्धित)**

**अनुमतिपत्रको लागि दिइने निवेदनपत्र**

**श्री नेपाल दूरसंचार प्राधिकरण**
...................................... ।

देहायको दूरसंचार सेवा संचालन गर्ने अनुमतिपत्र पाउनको लागि निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको:-
(क) नाम:
(ख) ठेगान:
स्थायी:
अस्थायी:

२. दूरसंचार सेवाको किसिम:

३. दूरसंचार सेवा संचालन गर्न लाग्ने:
(क) अनुमानित पूँजी:
(ख) प्रस्तावित लगानी:
(ग) लगानीको श्रोत:

४. दूरसंचार सेवा सम्वन्धमा:
(क) काम शुरु गर्ने मिति:
(ख) काम सम्पन्न गर्ने मिति:
(ग) सेवाको माग र आपर्ूर्तिको प्रक्षेपण:
(घ) नेटवर्क विस्तार:
(ङ) नेटवर्कमा प्रयोग गरिने प्रविधिको विवरण:
(च) प्रदान गरिने सेवाको स्तर:

५. दूरसंचार प्रणालीको:-
(क) निर्माता:
(ख) आयात गरिने मुलुक:
(ग) गुणस्तर:

६. प्रयोग गर्न चाहेको फ्रिक्वेन्सी:

७. ग्राहकलाई दूरसंचार सेवा उपलव्ध गराउन सकिने मिति:

८. दूरसंचार सेवा संचालन गरिने क्षेत्र:
(क) जिल्ला (ख) न.पा./गा.वि.स. (ग) वडा नं.

९. दूरसंचार सेवा संचालन गर्दा हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरण:
(क) अनुमानित संचालन खर्च
(ख) अनुमानित आय
(ग) नाफा नोक्सानको हिसाव
(घ) महशुल दर

१०. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:
(क) अनुमतिपत्र लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि
(ख) अनुमतिपत्र लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात
(ग) प्राविधिक निपुणता तथा पेशा सम्वन्धी दक्षता सम्वन्धी कागजात
(घ) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजना
(ङ) प्राधिकरणद्वारा प्रकाशित सार्वजनिक सूचनामा वा नेपाल सरकारले ऐन वमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोकिदिए वमोजिमका कुराहरु ।

संगठित संस्थाको छाप: निवेदकको:-

सही:

नाम:

ठेगाना:

मिति:

अनुसुची २

इन्टर्नेट टेलिफोनी (Internet Telephony) सम्बन्धी व्यवस्था :-

दूरसञ्चार ऐन, २०५३ को दफा २६ को उपदफा (४) अनुसार इन्टर्नेट सेवा प्रदायकहरुले तपशिल बमोजिम इन्टर्नेट टेलिफोनी सञ्चालन गर्न सक्ने :-

(क) नेपालमा रहेको कम्प्युटर (Personal Computer) बाट नेपाल भित्रै रहेको वा बाहिर अन्य देशमा रहेको अर्को कम्प्युटरसंग पब्लिक इन्टरनेट (Public Internet) को प्रयोग गरी Voice Communications (आवाज आदान प्रदान वा बोलेर कुराकानी) गर्न गराउन सक्ने ।

(ख) नेपालमा रहेको एउटा कम्प्युटरबाट नेपाल बाहिर अन्य देशमा रहेको जुनसुकै टेलिफोन (Public Switched Telephone Network/ Public Land Mobile Network/ Integrated Services Digital Network Telephone) आदि संग पब्लिक इन्टर्नेट(Public Internet) को प्रयोग गरी Voice Communication (आवाज आदान प्रदान वा बोलेर कुराकानी गर्न गराउन सक्ने )।

(ग) नेपालमा रहेको H.323/SIP Terminal बाट नेपाल भित्रै रहेको अर्को H.323/SIP Terminal वा बाहिर अन्य देशमा रहेको जुनसुकै Telephone संग पब्लिक इन्टर्नेट (Public Internet) को प्रयोग गरी Voice Communication (आवाज आदान प्रदान वा बोलेर कुराकानी गर्न गराउन सक्ने )।

(घ) इन्टर्नेट टेलिफोनी (Internet Telephony) सेवा सञ्चालन गर्दा International Telecommunication Union (ITU) sf] E.164 Numbering Scheme को आधारमा नभई Internet Assigned Numbers Authority (IANA) को IP Addressing Scheme को आधारमा Terminal Devices or Customer Premise Equipment (CPE) को नामाकरण गरिनु पर्नेछ ।

(ङ) इन्टर्नेट टेलिफोनी (Internet Telephony) सेवा सञ्चालन गर्दा पब्लिक इन्टरनेट (Public Internet) मार्फत नेपाल भित्रिएको Voice Traffic लाई नेपाल भित्र रहेको कुनै पनि PSTN(Public Land Mobile NEtwork) वा PLMN (Public Land Mobile

Network) वा ISDN(Integrated Services Digital Network) नेटवर्क आदिसंग जडान (Connection) गरी वा अन्तरआवद्धता(Interconnection) गरी E.164 Numbering scheme प्रयोग गर्ने फोन वा मोवाइल वा टर्मिनलमा Terminate गराउन पाइने छैन ।

(च) इनटर्नेट टेलिफोनी (Internet Teliphony) सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तहरु (Condition to be abide by the Licensee to Operate Internet Telephony Services मा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

**अनसूचि ३**

# अनुमतिपत्र

तपाईंलाई दूरसञ्चार ऐन, द्दण्छद्य को दफा २३ को उपदफा (२) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न यो अनूमतिपत्र दिइएको छः(

१. अनुमतिपत्र पाउने व्यक्तिको:

(क) नामः ........................

(ख) ठेगाना:

स्थायी : ...................................

अस्थायी : ..................................

२. अनुमतिपत्र दिइएको दूरसञ्चारको किसिम: **इन्टर्नेट (इ-मेल सहित) ।**

३. दूरसञ्चार सेवा सम्वन्धमा:

(क) काम सञ्चालन गर्नुपर्ने .....................

(ख) काम सम्पन्न गर्नुपर्ने मिति: .............................

४. दूरसञ्चार प्रणालीको:

| (उपकरण) | (क) निर्माता | (ख) आयात गरिएको मुलुक | (ग) गुणस्तर |
|---|---|---|---|
| १. Server | | | |
| २. Modem | | | |
| ३. Router | | | |
| ४. Radio Modem etc. | | | |

५. प्रयोग गर्ने फ्रिक्वेन्सी....................

६. ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराउने मितिः ..................................

७. फ्रिक्वेन्सी प्रयोग गरे वापत बुझाउनु पर्ने वार्षिक रकमः ..............................

८. दूरसञ्चार सेवा संचालन गर्ने क्षेत्रः ...........................

(क) जिल्ला: (ख) गा.वि.स./न.पा.:

(ग) वडा नं.:

९. दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्नु पर्ने ग्रामीण क्षेत्रः ........

(क) जिल्ला: (ख) गा.वि.स./न.पा.:

(ग) वडा नं.:

१०. अनुमतिपत्र नम्बरः ..............

११. अनुमतिपत्र बहाल रहने अवधि : यो अनुमतिपत्र प्रदान गरेको मितिले पाँच (५) वर्ष।

१२. अनूमतिपत्र नवीकरण गरे वापत बूझाउनू पर्ने वार्षिक दस्तूर : नेपाल सरकारले नेपाल राजपत्रमा तोकिदिए बमोजिमको रकम।

१३. नेपाल सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टी रकम : कुल आम्दानीको चार (४) प्रतिशतले हूने रकम।

१४. ग्रामीण क्षेत्रको दूरसञ्चार विकासको लागि वार्षिक रुपमा प्राधिकरणलाई बूझाउनू पर्ने रकम : कूल आम्दानीको दूई (२) प्रतिशतले हूने रकम।

१५. अनूमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नू पर्ने शर्तहरु :(

**१५.१** **<u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अनुमतिपत्रमा उल्लेखित शब्द वा शव्दावलीको परिभाषा निम्न अनूसार बुझिनेछः</u>**

(१) “अनूमतिपत्र प्राप्त व्यक्ति” भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम गठित .................. लाई बूझाउनेछ जसलाई यस पछि “सेवा प्रदायक” भनि संवोधन गरिनेछ।

(२) “ग्राहक” भन्नाले सेवा प्रदायकले उपलब्ध गराएको दूरसञ्चार सेवा ग्रहण गर्ने व्यक्तिलाई जनाउनेछ।

(३) “अनूमतिपत्र दिने व्यक्ति” भन्नाले दूरसञ्चार ऐन, २०५३ को परिच्छेद २ दफा ३ अन्तर्गत गठित “नेपाल दूरसञ्चार प्राधिकरण” लाई बुझाउनेछ। जसलाई यसपछि “प्राधिकरण” भनि संवोधन गरिनेछ।

(४) “ऐन” भन्नाले “दूरसञ्चार ऐन, २०५३” लाई बुझाउनेछ।

(५) "नियमावली" भन्नाले "दूरसञ्चार नियमावली, २०५४" लाई बुझाउनेछ।

(६) "सेवा" भन्नाले यस अनुमतिपत्रको दफा २ मा उल्लेख गरिएका दूरसञ्चार सेवाहरुलाई बुझाउनेछ।

(७) "शर्त" भन्नाले सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने यस अनुमतिपत्रमा उल्लेख गरिएका शर्त एवं आधारहरुलाई जनाउँछ।

(८) "व्यक्ति" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त वा अर्न्तराष्ट्रिय दूरसञ्चार संघको नियम बमोजिम स्थापित व्यक्ति, कम्पनी वा संस्थालाई बुझाउनेछ।

(९) "स्थीर दूरसञ्चार नेटवर्क (Fixed Telecommunications Network)" भन्नाले एउटा तोकिएको स्थानबाट अर्को तोकिएको स्थान बीच प्रदान गरिने दूरसञ्चार सेवाको लागि स्थापना भएको दूरसञ्चार नेटवर्कलाई बुझाउनेछ।

(१०) "नेटवर्क" भन्नाले सेवा प्रदान गर्ने उपकरण देखि अन्य स्थानसम्म आवद्ध गर्न प्रयोग गरिएका केवुल, रेडियो, अप्टिकल फाइवरलाई जनाउनेछ।

(११) "आधारभूत टेलिफोन सेवा (Basic Telephone Service)" भन्नाले टेलेक्स, टेलिग्राफ लगायत कुनै पनि किसिमको टेलिफोन सेवालाई जनाउँछ।

**१५.२ <u>अनुमतिपत्र</u> :-**

(१) यो अनुमतिपत्र मिति ............ देखि लागु हुनेछ र वहाल रहने समयावधि सोही मिति देखि गणना गरिनेछ।

(२) सेवा प्रदायकले यस अनुमतिपत्रमा उल्लेख भएका दूरसञ्चार सेवा वाहेक अन्य सेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट छुट्टै अनुमतिपत्र लिनु पर्नेछ।

(३) यस अनुमतिपत्रमा उल्लेख भएका सेवाहरु सञ्चालनका लागि प्राधिकरणले अन्य व्यक्तिलाई पनि छुट्टै अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(४) यस अनुमतिपत्रमा उल्लेखित सेवाहरु सञ्चालन गर्न आधारभुत दूरसंचार सेवा सञ्चालकको (नेटवर्क सेवा प्रदायकको) नेटवर्क लिजमा लिएर वा प्राधिकरणबाट भिस्याट प्रयोगकर्ताको अनुमति प्राप्त गरी भिस्याट नेटवर्क प्रयोग गरी गर्न सकिनेछ ।

(५) यस अनुमतिपत्र बमोजिम सेवा सञ्चालन गर्नका लागि सेवा प्रदायकले देहायका कामहरु गर्न सक्नेछ।

(क) कुनै पनि स्थीर दूरसञ्चार नेटवर्क (Fixed Telecommunications Network) मा आफ्नो उपकरण जडान गरि सेवा सञ्चालन गर्ने।

(ख) ग्राहकको घर कम्पाउण्ड भित्र रहेको टर्मिनल उपकरणसँग आफ्नो उपकरण जोड्ने।

(ग) सेवा सञ्चालनका लागि ग्राहक कहाँ जडान गरिने Terminal Equipment खरिद गर्ने, बिक्रि गर्ने, वितरण गर्ने, भाडामा लिने/दिने, जडान गर्ने तथा मर्मत संभार गर्ने।

(६) दूरसञ्चार ऐन, नियम, विनियम, र प्राधिकरणबाट समय समयमा दिईने निर्देशन आदेश तथा अन्य प्रचलित ऐन, कानुनको परीधि भित्र रही सेवा सञ्चालन गर्नु पर्नेछ।

(७) सेवा सञ्चालन गर्न प्राप्त टेलिफोन लाइन/लिज लाइन मार्फत आधारभूत टेलिफोन सेवा प्रदान गर्न पाइने छैन।

(८) यस अनुमतिपत्रसग सम्वन्धित काम कारवाही गर्दा कुनै किसिमको हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी सेवा प्रदायक स्वयंले बहन गर्नु पर्नेछ।

**१५.३ <u>सेवाको स्तर</u> :-**

(१) सेवा प्रदायकले प्रदान गर्ने सेवाको स्तर प्राधिकरणबाट समय समयमा तोकिए बमोजिमको हुनु पर्नेछ ।

(२) <u>सेवा समय</u> : दैनिक २४ सै घण्टा सेवा उपलब्ध गराउनु पर्नेछ र एक वर्षको सेवा अवधिको ५% भन्दा वढि समय सेवा अवरुद्ध हुनु हुदैन ।

**१५.४ <u>सेवा शुल्क</u> :-**

(२) सेवा प्रदान गरे वापत ग्राहकसभ्मा लिइने शुल्क दर स्वीकृतिका लागि प्राधिकरणमा पेश गर्नु पर्नेछ र ऐनको दफा ५२ बमोजिम प्राधिकरणाले जारी गरेको निर्देशिकाको पालना गर्नु पर्नेछ ।

(२) शर्त नं. १५.११.१ अनुसार वढि सेवा उपभोग गर्ने विशेष ग्राहकहरुलाई प्रोत्साहन स्वरुप शुल्कमा निश्चित सहुलियत प्रदान गरिने भएमा त्यस्ता सहुलियत कुन आधारमा निर्धारण गरिएको हो सो को जानकारी समेत सूचनामा प्रकाशन गर्नु पर्नेछ ।

(३) सेवा प्रदायकले विकास गरेको दूरसञ्चार प्रणाली र अन्य व्यक्तिले विकास गरेको दूरसञ्चार प्रणाली एक आपसमा जोड्दा गरिने शर्तहरु र लिइने शुल्क माथि उल्लेखित उपशर्त नं. (१) र (२) बमोजिम प्रकाशन गर्नु पर्ने छैन ।

**१५.५ <u>सेवा प्रदायक र ग्राहक विचको सम्झौता</u> :-**

सेवा उपलब्ध गराउनु भन्दा अगाडि सो सेवा उपलब्ध गराइने ग्राहकसभ्मा सेवा प्रदायकले सम्झौता गर्नु पर्नेछ । यसरी गरिने सम्झौताको "मुल सम्झौता मस्यौदा" यो अनुमतिपत्र लागु भएको तीन महिना भित्रै स्वीकृतिको लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ । स्वीकृत मूल सम्झौतामा उल्लेख भए भन्दा भिन्न प्रकारको शर्त राखी कुनै ग्राहकसंग सम्झौता गरेमा सो सम्झौताको विवरण तथा सो सम्झौता गर्नु पर्नाको कारण खोली प्राधिकरणलाई समयमै जानकारी दिनु पर्नेछ ।

**१५.६ <u>सेवा सम्वन्धी विल तयार गर्दा अपनाउनु पर्ने विधि</u> :-**

(१) आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गरे वापत लाग्ने शुल्कको विल तथा विवरण दुरुस्त (Accurate) हुनुका साथै यस्ता विलहरु निश्चित समयमानै उपलब्ध गराउनु पर्ने छ ।

(२) सेवामा प्रयोग हुने उपकरणहरु जस्तै मिटरिङ्ग उपकरणहरुको गुणस्तर कायम राखी सही र तथ्य विल उपलब्ध गराउन आवश्यक सबै कामहरु गर्नु पर्दछ ।

(३) सेवा उपलब्ध गराए वापतको विल तयार गर्दा सेवासभ्मा सम्वन्धित कुनै उपकरणको पनि बिल गर्नु पर्ने अवस्था परेमा सेवा शल्कको अतिरिक्त उपकरणको मूल्य स्पष्ट खुल्ने गरी विल तयार गर्नु पर्नेछ ।

(४) प्रदान गरिएको सबै सेवाको रकम एकमुष्ट रुपमा उल्लेख नगरी प्रत्येक सेवाको रकम छुट्टाछुट्टै उल्लेख गरी बिल तयार गर्नु पर्नेछ ।

(५) बिल सम्वन्धमा सेवा प्रदायकले निम्न कुराहरुको अभिलेख राख्नु पर्नेछ ।

(क) प्रत्येक ग्राहकलाई बिल गरिएको रकम सम्वन्धी विस्तृत विवरण देखिने गरी,

(ख) उपशर्त १ मा उल्लेख भए बमोजिम विलको यथार्थता र विश्वशनियता जाँच गर्न प्राधिकरणलाई सघाउ पुग्ने गरी ।

(६) बिलिङ्ग कार्यमा प्रयोग भएका उपकरणहरुको परिक्षण गरी प्रतिवेदन पेश गर्न प्राधिकरणबाट लिखित अनुरोध भएमा सेवा प्रदायकले सो उपकरणहरुको परिक्षण गरी प्राप्त भएको नतिजा प्राधिकरण समक्ष तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।

(७) विल प्रयोजनका लागि अपनाईएको प्रक्रिया तथा यससंग सम्वन्धित उपकरणहरुको निरीषण तथा जाँचबुझ गर्न प्राधिकरणले तोकेको निरीक्षकलाई तोकिएको समयमा निरीषण एवं जाँचबुझ गर्न दिनु पर्नेछ ।

## १५.७ <u>पास वर्ड (Pass Word)</u> :-

कुनै पनि ग्राहकले आफूले चाहेको बखत आफैले पास वर्ड परिवर्तन गर्न सक्ने व्यवस्था मिलाई दिनू पर्नेछ ।

## १५.८ <u>सेवा शूल्क तथा महशूल सम्बन्धी सूचना</u> :-

(ज्ञ) सेवा प्रदायकले सेवा उपलब्ध गराए वापत ग्राहकसंग गरिने सम्झौताका शर्तहरु र सेवा शूल्क दर सम्बन्धमा विस्तृत विवरण सहित सूचना प्रकाशित गर्नू पर्नेछ । यस्तो सूचना प्रकाशित गर्दा निम्न तरीका अपनाउनू पर्नेछ ।

(क) सेवाको शूल्क महशूल तथा माथि उल्लेखित विवरणहरु लागु गर्नू भन्दा तीन महिना अगाढि सूचना प्रकाशन गर्नू पर्नेछ । तर सेवा शूल्क घटाउँदा गरिने अग्रिम सूचना भने तीन महिना अगाडि प्रकाशन गर्नू पर्ने छैन ।

(ख) माथि उल्लिखित सूचनाको व्यहोराको जानकारी माग्न आएका व्यक्तिहरुलाई सेवा प्रदायकको कार्यालयहरुबाट निःशुल्क उपलब्ध हुने व्यवस्था गर्नू पर्नेछ ।

## १५.९ <u>विवाद समाधान</u> :-

१. <u>सेवा प्रदायक र यसका ग्राहक बीचको विवादको समाधान</u> :

(क) सेवा प्रदायक र ग्राहक बीच सेवा सम्वन्धमा विवाद परेमा आपसी छलफलबाट विवादको समाधान गर्ने प्रयास सेवा प्रदायकले गर्नू पर्नेछ ।

(ख) उपशर्त (क) बमोजिम विवाद समाधान हून नसकेमा वा समाधान गरिएको निर्णय उपर चित्त नवूझेमा पिडित पक्षले कारण सहित विवादको समाधानका लागि प्राधिकरण समक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको उजुरी उपर प्राधिकरणले प्रचलित दूरसञ्चार ऐन तथा नियम बमोजिम विवाद समाधान गर्न दिएको आदेश वा निर्णय मान्न विवादका दूवै पक्ष वाध्य हूनेछन् । ग्राहकसभग संझौता गर्दा विवाद समाधानका प्रक्रिया उल्लेख गरिदिनू पर्नेछ ।

२. <u>सेवा प्रदायक र अनुमतिपत्र प्राप्त अन्य व्यक्तिहरुका वीच विवादको समाधान</u> :

(क) सेवा प्रदायक र अनुमतिपत्र प्राप्त अन्य व्यक्तिहरुका बीच सेवा सम्वन्धमा विवाद परेमा आपसी ५लफलबाट विवाद समाधान गर्ने प्रयास सेवा प्रदायकले गर्नू पर्नेछ ।

(ख) उपशर्त (क) बमोजिम विवाद समाधान हून नसकेमा वा समाधान गरिएको निर्ण्ाय उपर चित्त नवूझेमा पिडित पक्षले कारण सहित विवादको समाधानका लागि प्राधिकरण समक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको उजूरी उपर प्राधिकरणले प्रचलित दूरसञ्चार ऐन तथा नियम बमोजिम विवाद समाधान गर्न दिएको आदेश वा निर्णय मान्न विवादका दूवै पक्ष वाध्य हूनेछन् ।

## १५.१० <u>गोप्यता कायम राख्नू पर्ने (प्रकट गर्न नहूने)</u> :-

(१) <u>कुराकानी</u> :

तल उल्लिखित अवस्थामा वाहेक सेवा प्रदायकले प्रदान गरेको सेवाको माध्यमबाट आदान प्रदान भएका आफ्ना ग्राहकका कुराकानी तथा सन्देशहरु गोप्य राख्नू पर्नेछ ।

(क) सेवाहरुको उपकरण मर्मत सम्भार गर्दा वा प्रदान गरेको सेवाको स्तर कायम राख्न जाँच गर्दाको अवस्थामा,

(ख) दूरसञ्चार ऐन, २०५३ को दफा १९ बमोजिम नेपाल सरकारको आदेश भै कुनै खास किसिमका विषय, व्यक्ति वा समूदायसभ्ग सम्वन्धित खबर टेप गर्न वा त्यस्तो खबर पठाउने व्यक्ति पहिल्याउनू पर्ने अवस्थामा,

तर माथि उल्लिखित (१) (क) अनूसार जानकारीमा आएको खबर गोप्य राख्नू पर्नेछ । त्यस्ता कूराकानी प्रकाश गरी दिएमा गोप्यता भंग गरिएको मानिनेछ ।

(२) ग्राहक सम्वन्धी सूचना :

निम्न अवस्थामा बाहेक सेवा प्रदायकलाई आफ्नो ग्राहक सम्वन्धी थाहा भएको कूनै पनि विवरण तेश्रो व्यक्तिलाई जानकारी गराउनू हूदैन ।

(क) सेवा प्रदायकले ग्राहकसभ्ग असुल गर्न बाभ्की रहेको बक्यौता रकम उठाउने प्रयोजनको लागि,
(ख) लेखा परीक्षकले लेखा परीषणको सिलसिलामा ग्राहक सम्वन्धी जानकारी लिनू पर्दा,

(ग) प्रचलित नेपाल कानून बमोजिम फौजदारी अभियोग लागेका ग्राहकका सम्वन्धमा सम्वन्धित निकायमा जानकारी दिनू पर्ने अवस्था परेमा,

**१५.११ स्वच्छ व्यापार हुनु पर्ने :-**

(१) पक्षपातपूर्ण व्यवहार गर्न नहुने :(

समान ग्राहकहरुका लागि समान सेवा शर्तहरु लागु गर्नु पर्नेछ । तर बढी सेवा उपभोग गर्ने विशेष किसिमका ग्राहकहरुलाई प्रोत्साहन स्वरुप शूल्कमा निश्चित सहूलियत प्रदान गर्न यस शर्तले बाधा पू¥याउने छैन ।

(२) प्रतिस्पर्धात्मक वातावरणमा बाधा पु¥याउनु नहुने :-

दूरसञ्चार सेवामा प्रतिस्पर्धात्मक वातावरणमा बाधा पुग्ने गरी कूनै पनि कार्य गर्न पाइने छैन ।

(३) विक्रिमा बाध्यात्मक शर्त (Linked Sales) राख्न प्रतिबन्ध :-

कूनै पनि ग्राहकलाई सेवा वा टर्मिनल उपकरणहरुको बेच बिखन गर्दा अन्य कूनै सेवा वा टर्मिनल उपकरणहरु पनि खरिद गर्नू पर्ने शर्त वा कूनै तोकिएको व्यक्ति वा संस्थाबाट मात्र खरिद गर्नू पर्ने जस्ता एकाधिकार हूने गरी बाध्यात्मक शर्त राख्न पाईने छैन ।

**१५.१२ सेवाको गुणस्तर सम्बन्धमा :-**

१. केवूल मार्फत सेवा प्रदान गर्दा डाटा ट्रान्सफर दर र ग्राहकको संख्याको अनुपात ६४ के.वि.पि.एस. डाटा ट्रान्सफर दर (Shared) : १० जना ग्राहक हूनू पर्नेछ ।

२. Mean Time to Restore (MTTR)

क. २४ घण्टाभित्र ९० प्रतिशत ग्राहकको गूनासो सूल्फाउनू पर्ने

ख. तिन दिनभित्र ९९ प्रतिशत ग्राहकको गूनासो सूल्फाउन पर्ने

३. सेवा प्रदायकले सेवा सम्वन्धमा ग्राहकबाट पर्न आएको गुनासो संख्या तथा सो को समाधान भएको विवरण नियमीत रुपमा अभिलेख राखी प्राधिकरणले मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

४. Dial up मार्फत सेवा प्रदान गर्दा टेलिफोन लाइन र ग्राहकको संख्याको अनुपात एक टेलिफोन लाइन : बढिमा ३० ग्राहक हुनु पर्नेछ ।

५. सेवा प्रदायकले प्रदान गरेको सेवाको गुणस्तर ITU-T र ITU-R मा उल्लेख भए बमोजिमको हुनु पर्नेछ ।

**१५.१३.** इन्टर्नेट मार्फत Worldwide Web मा सर्वसाधारणको पहुंच हुने गरी सामाग्री राख्दा र Worldwide Web मा राखिएका सामाग्रिहरुमा ग्राहकलाई (Internet Access) पहुंचको व्यवस्था गर्दा पालना गर्नु पर्ने शर्तहरुः

१. आफुले Internet Access दिने वा दिएका ग्राहकहरुलाई इन्टरनेट मार्फत निम्न बमोजिमका सामाग्री एंव सूचनाहरु राख्न, प्रवाह गर्न, वितरण गर्न, विकी गर्न, र त्यस्ता सामाग्रीमा ग्राहकको पहुँच नपुग्ने व्यवस्था सेवा प्रदायकले गर्नु पर्नेछ ।

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता एवं राष्ट्रिय हित विपरित तथा राज्यद्रोह हुनेखालका सामाग्री ।

(ख) प्रचलित कानूनले अश्लील भनी परिभाषित गरेका अश्लिल सामाग्री, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने, विभिन्न जात, जाति, धर्म, वर्ग, लिङ्ग, वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने तथा यस्तो सामाजिक सद्भाव खल्बल्याउन उत्तेजना फैलाउने, अत्याधिक हिंसा भएका विभत्स दृष्य, चित्र, लेख जस्ता सामाग्रीहरु वा राष्ट्रिय सुरक्षा तथा नागरिकको सुरक्षामा वाधा पुऱ्याउने खालका सामाग्रीहरु ।

२. वालयौनजन्य सामाग्री (Child Pornography) तथा यस्तै प्रकारका वेबसाइटहरुको पहुँच रोक्न सेवा प्रदायकहरुले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

३. नेपाल सरकार वा प्राधिकरणले समय समयमा बन्द गर्नु पर्ने भनि लेखि पठाएका WebSite हरु तत्काल बन्द गरी जानकारी गराउनु पर्दछ ।

**१५.१४** **<u>अभिलेख राख्ने र प्राधिकरणलाई जानकारी दिने</u> :-**

(१) यस अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु सेवा प्रदायकद्वारा निर्वाह भए नभएको बारे सुपरिवेक्षण गर्ने कार्यको लागि र ती दायित्वहरु पालना गराउने प्रयोजनका लागि प्राधिकरणलाई सघाउ पुग्ने गरी सेवा प्रदायकले अभिलेखको व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र आफुले संचालन गरेको दूरसञ्चार सेवाको विवरण र आफ्नो आय व्ययको विवरण मान्यता प्राप्त लेखा परिक्षकद्वारा लेखा परिक्षण गर्न लगाई प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रत्येक सेवाको ग्राहक संख्या तथा ती सेवाहरुको प्रयोग भएको विस्तृत विवरण हरेक महिना समाप्त भएको ७ दिन भित्र दिनु पर्नेछ ।

(४) सेवा प्रदायकले लिज लाइन मार्फत कुनै ग्राहकलाई दफा ૬ मा उल्लेखित सेवाहरु उपलब्ध गराइने भएमा त्यस्ता ग्राहकसँग भएको सम्झौता सम्बन्धी सम्पूर्ण विवरण सम्झौता भएको सात दिन भित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(५) अनुमतिपत्रमा उल्लिखित दायित्वहरुको पालना गराउने उद्देश्यका लागि सेवा प्रदायकको प्रयोगमा रहेका उपकरणहरु, फाइल, अभिलेख, कागजात तथा अन्य विवरणहरुको कूनै पनि समयमा विना अवरोध निरिक्षण गर्ने र आवश्यक ठानेमा त्यस्ता विवरणहरुको प्रतिलिपि लिने पुर्ण अधिकार प्राधिकरणलाई रहनेछ ।

(६) उपशर्त नं ३ अनुसार प्राधिकरणलाई प्राप्त हून आएको विवरणहरु प्रकाश गर्न आवश्यक ठानेमा प्राधिकरणले त्यस्ता विवरण प्रकाश गर्न सक्नेछ ।

(७) यसरी आफुलाई प्राप्त जानकारीको विवरण प्रकाश गर्नू पूर्व प्राधिकरणले त्यस्ता विवरणहरु सेवा प्रदायकको क्रियाकलापको लागि सम्वेदनशिल भए नभएको विचार राख्नेछ ।

(८) यस शर्तको (ठ) बमोजिम सम्वेदनशिल अवस्थाका विवरण देखिएमा यस्ता विवरणहरु प्राधिकरणले प्रकाश गर्ने अन्तिम निर्णय गर्नू पूर्व प्रकाश गर्न खोजिएको विवरण प्रकाश गर्नु नहुने भए कारण सहित जानकारी दिन सेवा प्रदायकलाई उचित मौका प्रदान गर्नेछ ।

(९) यस शर्तको पालना गर्दा कुनै किसिमको खर्च लागेमा त्यस्तो सम्पुर्ण खर्च सेवा प्रदायकले व्यहोर्नू पर्नेछ ।

**१५.१५ अनुमतिपत्रको संशोधन :-**

यस अनुमतिपत्रमा उल्लेख भएका प्रावधानहरू ऐन तथा नियमावली बमोजिम प्राधिकरण र सेवा प्रदायकको सहमतिमा जूनसूकै समयमा संशोधन गर्न सकिनेछ ।

**१५.१६ अनुमतिपत्रका प्रावधानहरु लागु हुने :-**

यस अनूमतिपत्रमा उल्लेख भएका प्रावधानहरू ऐन बमोजिम लागू हूनेछन् ।

**१५.१७ नवीकरण र खारेजी :-**

(१) यो अनूमतिपत्र ऐनको दफा २५ मा भएको व्यवस्था अनूसार नवीकरण गर्न सकिनेछ ।

(२) सेवा प्रदायकले अनुमतिपत्र नवीकरण गर्न चाहेमा तोकिएको नवीकरण दस्तूर संलग्न गरी अनूमतिपत्रको अवधि समाप्त हूनू भन्दा ३ महिना अगावै प्राधिकरण समक्ष निवेदन दिनू पर्नेछ ।

(३) अनूमतिपत्रमा उल्लेख भएको वहाल अवधि वा अनूमतिपत्र नवीकरण भई बहाल रहने अवधि भरको लागि सेवा प्रदायकको स्वामित्व परिवर्तन भए पनि यो अनूमतिपत्र वहाल नै रहनेछ । स्वामित्व परिवर्तनको सूचना सेवा प्रदायकले प्राधिकरणलाई दिई नामसारी गराउनू पर्नेछ र यस अनूमतिपत्रमा उल्लेखित शर्तहरूको पालना गर्नू त्यस्तो स्वामित्व खरिदकर्ताको कर्तव्य हुनेछ ।

(४) सेवा प्रदायकको अनुमतिपत्र ऐनको दफा ૬ड बमोजिम देहायका अवस्थामा खारेज गर्न सकिनेछ ।

(क) ऐनमा उल्लेख भए बमोजिमका शर्त पालना नगरेमा ।

(ख) सेवा प्रदायकका क्रियाकलापहरू यस अनुमतिपत्रमा उल्लिखित शर्तको विपरीत देखिएमा ।

(ग) ऐन तथा नियमावलीको अधिनमा रही प्राधिकरणले वेला वेलामा दिने निर्देशन, आदेशको पालना नगरेमा ।

(घ) बुझाउनु पर्ने अनुमतिपत्र दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने रकम, फ्रिक्वेन्सी दस्तुर, रोयल्टी दस्तुर, तथा नवीकरण दस्तुर तोकिएको म्याद भित्र नबुझाएमा ।

(ङ) वार्षिक आय व्ययको वासलात तथा समय समयमा प्राधिकरणले मागेका आवश्यक जानकारी उपलब्ध नगराएमा ।

(च) प्राधिकरणले खटाएको निरिक्षकलाई सेवा सम्बन्धी आर्थिक, प्राविधिक आदि विषयमा निरीक्षण गर्न नदिएमा वा सहयोग नपुऱ्याएमा ।

(छ) तिर्नु पर्ने ऋण भूक्तानी नगरी टाट पल्टेमा ।

(ज) प्राधिकरणले नवीकरण गर्नका लागि उपयूक्त नभएको कारण खूलाई नवीकरण गरी नदिएमा ।

तर माथि उल्लेखित अवस्था विद्यमान भएमा खारेज गर्नु पुर्व सेवा प्रदायकलाई सफाईको उपयूक्त मौका प्रदान गरिनेछ ।

१५.१८ **अनुमतिपत्र दस्तुर :-**

सेवा प्रदायकले ५ वर्ष अवधिको लागि यस अनुमतिपत्रमा उल्लेखित सेवा सञ्चालनको लागि तपशिल बमोजिमको रकम अनुमतिपत्र दस्तुर वापत प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | अनुमतिपत्र दस्तुर |
|---|---|---|
| (क) | इन्टर्नेट (इमेल सहित) | रु. २०,००,०००। |

१५.१९ **नेपाल सरकारलाई रोयल्टी बुझाउने तरिका :-**

ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सेवा प्रदायकले नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टी रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बूझाउनू पर्नेछ ।

१५.२० **ग्रामीण दूरसञ्चार कोषमा रकम जम्मा गर्ने तरिका :-**

ऐनको दफा ३० को उपदफा ४ बमोजिम प्राधिकरणले खडा गरेको कोषमा सेवा प्रदायकले आफ्नो वार्षिक कूल आयको दुई (२) प्रतिशतले हूने रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र जम्मा गर्नू पर्नेछ ।

१५.२१ **सेवा प्रदायकको वार्षिक आयको गणना :-**

सेवा प्रदायकले शर्त नं. १५.१९ १५.२० बमोजिम बूझाउनू पर्ने रोयल्टी तथा ग्रामीण विकास कोषमा जम्मा गर्नू पर्ने रकमको प्रयोजनको लागि यो अनूमतिपत्र प्रदान गरेको सालको वार्षिक आयको हिसाब गर्दा अनूमतिपत्र प्रदान गरेको दिन देखि आषाढ मसान्त सम्म आर्थिक वर्षको रुपमा गणना गरिनेछ ।

१५.२२ **ठेगाना परिवर्तनको सूचना दिनु पर्ने :-**

सेवा प्रदायकले आफ्नो ठेगाना परिवर्तन भएमा तुरुन्त प्राधिकरणलाई जानकारी दिनु पर्नेछ ।

१५.२३ **<u>फ्रिक्वेन्सीको प्रयोग र फ्रिक्वेन्सी प्रयोग गरे वापतको रकम बुझाउने तरिका</u>** :-

(१) सेवा प्रदायकले सेवा सञ्चालनको लागि फ्रिक्वेन्सीहरुको प्रयोग गर्नु परेमा ऐनको दफा ४९ बमोजिम गठित समितिले निर्धारण गरेको नीति तथा रेडियो ऐन, २०१४ को परिधि भित्र रही गर्नु पर्नेछ ।

(२) उपशर्त नं. १ मा उल्लेख भए बमोजिम फ्रिक्वेन्सी प्रयोग गरे वापतको तिर्नु पर्ने रकम ऐनको दफा ४९ बमोजिम गठित रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले तोकेको तरिका बमोजिम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(३) ISM band मा प्रयोग हुने रेडियो मोडेमको सम्वन्धमा :

(क) ISM band मा प्रयोग हुने फ्रिक्वेन्सीमा एकाधिकार (Exclusivity Right) हुने छैन । यो Band मा प्रयोग हुने रेडियो मोडेमको लागि फ्रिक्वेन्सीको प्रयोग Shared basis मा हुनेछ ।

(ख) ISM band मा प्रयोग हुने रेडियो मोडेमको Transmitter Power, Effective Isotropic Radiated Power निम्नानुसार हुनु पर्ने छ ।

| | |
|---|---|
| Maximum Out Power of Transmitter | 1W(30dBm) |
| Maximum Effective Isotropic Radiated Power | 4W(36dBm) |

(ग) रेडियो मोडेमको प्रयोगबाट हुन सक्ने Interference को समस्या सेवा प्रदायक आफैले सुल्झाउनु पर्नेछ ।

**Formatted:** Font: Kantipur, 13 pt, Complex Script Font: 13 pt, Dutch (Netherlands)

**Formatted:** Font: Kantipur, 13 pt, Complex Script Font: 13 pt, Dutch (Netherlands)

१५.२४ **<u>सेवा प्रदायकको नियन्त्रण वाहिरको कारणबाट शर्तको उल्लङ्घन भएमा</u>** :-

(१) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूको उलंघन भएकोमा उक्त उल्लंघन सेवा प्रदायकले हर संभव प्रयत्न गर्दा पनि आफ्नो नियन्त्रण वाहिरकै परिस्थितिका कारणबाट भएको हो भनी प्राधिकरण समक्ष सन्तोषजनक प्रमाण पेश गर्न सकेमा त्यस्ता उल्लंघन प्रति सेवा प्रदायक जिम्मेवार रहने छैन ।

(२) कुनै कारणवश शर्त उल्लङ्घन हुन गएमा त्यस्तो शर्तको उल्लंघन कहिले, कहाँ र के कारणले भएको हो र त्यसमा पून: सूधार ल्याउन सकिने भएमा कहिले कसरी सकिने हून्छ सो समेतको विस्तृत प्रतिवेदन प्राधिकरणलाई दिनु पर्नेछ ।

(३) उपशर्त २ बमोजिम प्राप्त प्रतिवेदन उपर प्राधिकरणले विचार गरी त्यस्तो विवरणमा उल्लेखित कारणहरू पर्याप्त र उचित हून, होइनन् भनि पत्ता लगाई निर्णय गर्नेछ । प्राधिकरणले प्राप्त प्रतिवेदनका परिस्थितिको मूल्याङ्कन गरी त्यस्ता परिस्थितिलाई उपशर्त २ मा व्यवस्था भए सरह भन्ने लागेमा सेवाको सूधारको लागि सेवा प्रदायकलाई अवसर प्रदान गर्नेछ ।

(४) अवरुद्ध भएको सेवालाई सूधार गर्न सेवा प्रदायकको प्रतिवेदनमा उल्लेख भएको समय भन्दा छिटै सूधार हून सक्ने अवस्था प्राधिकरणलाई लागेमा त्यस्तो सेवा सूधारका लागि निश्चित समय तोकि सूधार गर्न निर्देशन दिनछ र सेवा प्रदायकले सो निर्देशनको पालना गर्नु पर्नेछ ।

१५.२५ **<u>सेवा अवरुद्ध भएमा महशूल मिन्हा गर्नु पर्ने</u>** :-

ग्राहकको कारणबाट बाहेक अन्य कूनै पनि कारणबाट शर्त न १५.३ मा उल्लेख भएको समय भन्दा बढी समय सेवा अबरुद्ध भएमा त्यस्तो अबस्थामा सम्बन्धित ग्राहकलाई परेको असुविधा बापत सेवा प्रदायकले मनासिब माफिक महशूल मिन्हा गर्ने व्यवस्था उल्लेख गरी शर्त नं. १५.५ बमोजिम हूने सम्झौतामा प्राबधान राख्नू पर्नेछ।

**कार्यालयको छाप**

**अनुमतिपत्र दिने अधिकारीको:-**

सही :

नाम :

पद :

कार्यालय :

मिति :

**अनुसूची- ४**

**अनुमतिपत्र र अनुमतिपत्र नविकरण गर्नका लागि देहाय बमोजिमको दस्तुर लाग्ने छ ।**

| **सि. नं.** | **दूरसंचार सेवाको किसिम** | **अनुमतिपत्र दस्तुर (रु.)** | **अनुमतिपत्र नविकरण दस्तुर (रु.)** |
|---|---|---|---|
| **१** | **इन्टर्नेट (इमेल सहित)** | **२०,००,०००।००** | **१८,००,०००।००** |
| **२.** | **इन्टर्नेट (इमेल सहित) (*ग्रामिण क्षेत्र)** | **५०,०००।००** | **४५,०००।००** |

* ग्रामिण क्षेत्र भन्नाले नेपाल राज्यको संविधान २०७२ बमोजिम नेपाल सरकार तोकेका गाउपालिका संझनु पर्दछ ।

अनुसुचि ५

**इन्टर्नेट इ-मेल सेवा उपभोग गर्न चाहने ग्राहकले भर्नुपर्ने फाराम**

**................................................. प्रा. लि.**

**इन्टर्नेट सेवा प्रयोग फाराम**

प्रयोगकर्ताको पासपोर्ट साईजको फोटो

| कार्यालय प्रयोजनको लागि | |
|---|---|
| दर्ता नं. | |
| मिति | |

१. ग्राहकको नाम थर:-...........................................................................................................................................................

Customer's Name (in Block Letter)

२. ग्राहकको ठेगाना (Customer's Address):

(क) स्थायी:- जिल्ला:- गा.वि.स. ⁄ नगरपालिका:-

(नागरिकता अनुसार)

वार्ड नं. : गाउँ ⁄ टोलको नाम:- घर नं.:-

(क)हाल बासोबास गरिरहेको जिल्ला:- गा.वि.स. ⁄ नगरपालिका:-

वार्ड नं. : गाउँ ⁄ टोलको नाम:- घर नं.:-

३. ग्राहकलाई दिने Connection Type ( Ethernet, Optical fiber, Cable, ADSL, Wireless वा अन्य माध्यम) :-

४. ग्राहकलाई चाहिने सुरु Bandwidth (up / down) :

५. ग्राहकलाई प्रदान गरीएको IP Pool / Block :

६. ग्राहकको Domain (for e-mail ):

७. ग्राहकलाई Provide भएको Space ( MB):

(for e-mail):

८. संघ ⁄ संस्थाको नाममा जडान भएमा

(क) प्यान नम्बर:- (ख) टेलिफोन नं.:

(ग) मोबाइल नं.

९. ग्राहकको [ ] पेशाः- [ ] ५.लिङ्गः [ ] पुरुष महिला

(क) कार्यरत/अध्ययनरत संस्थाको नामः- [ ]

(ख) कार्यरत/अध्ययनरत संस्थाको ठेगानाः- [ ]

१०. ग्राहकको बाबु/आमा/पति/पत्नीको नामः- [ ]

११. ग्राहकको बोजे/बज्यैको नामः- [ ]

प्रयोगकर्ताको औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

कम्पनी/फर्मको छाप

१२. ग्राहकको सम्पर्क टेलिफोन नं. ९. इ-मेल

१३. ग्राहको परिचयः-

नागरिकता नं. (नेपाली नागरिकका लागि)................................................... जिल्ला .......................................................

पासपोर्ट नं. (विदेशी नागरिकका लागि)....................................... कम्पनी/फर्म दर्ता नं. ................................. पासपोर्ट नभएका भारतिय नागरिकले नेपाल राज्यको लागि भारतिय राजदूतावासले दिएको प्रमाण-पत्रको नम्बर उल्लेख गर्नु पर्नेछ।)

(संघ संस्थाको हकमा दर्ता प्रमाणपत्रको नम्बर उल्लेख गर्नु पर्नेछ)

N↑

नजिकको मुल सडक................................ बाट प्रयोगकर्ता बसोबास गरेको घर/डेरासम्म पुग्ने बाटोको नक्साः-

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

ग्राहक/प्रयोगकर्ताका दस्तखतः नेपालीमाः..................................................... Signature in English...................................... मितिः २०६..../......./...........

रुजु गर्नेको दस्तखतः............................................ नाम.......................................... पद.............................................
कार्यलय कर्मचारीको दस्तखतः.................................

अनुसुचि ६

## इन्टर्नेट सेवा प्रदायक र ग्राहक वीच गरिने सम्झौता पत्रको नमूना

**इन्टर्नेट (इ-मेल सहित) सेवा प्रदायक संस्थाको नाम :-**

**सेवा प्रयोगकर्ता ग्राहकको नाम :-**

| | | | |
|---|---|---|---|
| **स्थायी ठेगाना :-** | **अञ्चल** | **जिल्ला** | **वडा नं.** |
| | **घर नं.** | **टोल/सडक** | |
| **अस्थायी ठेगाना :-** | **अञ्चल** | **जिल्ला** | **वडा नं.** |
| | **घर नं.** | **टोल/सडक** | |
| **सेवाको किसिम :-** | **(क) इन्टर्नेट** | **(ख) इ-मेल** | |
| **सेवा अवधि :-** | **(क) १ महिना** | **(ख) ३ महिना** | **(ग) ६ महिना** |
| | **(घ) १ वर्ष** | **(ङ) अन्य** | |
| **सेवाको तरिका :-** | **(क) केवल** | **(ख) रेडियो लिंक** | **(ग) डायल अप** |
| **सीप कल :-** | **(क) चाहिने** | **(ख) नचाहिने** | |

**PAN नम्बर (संस्था भएमा) :-**

**सम्झौताका शर्त/बन्देजहरु**

१. इन्टर्नेट/इ-मेल सेवाको लागि तोकिएको धरौटी, जडान खर्च आदि रकम ग्राहकले कम्पनीलाई बुझाउनु पर्नेछ ।

२. इन्टर्नेट/इ-मेल सेवाको लागि केवल वा अन्य उपकरण आवश्यक भएमा सोको लागत मुल्य ग्राहक स्वंयले व्यहोर्नु पर्नेछ ।

३. इन्टर्नेट/इ-मेल सेवा ठाँउसारी वा नामसारी गर्नु परेमा सम्पूण प्रक्रियाहरु संस्थाको नियमानुसार हुनेछ ।

४. संस्थाले २४ सै घण्टा सेवा उपलब्ध गराउने छ । इन्टर्नेट/इ-मेल सेवा अवरुद्ध भएमा तुरुन्त संस्थाको मर्मत शाखामा सूचना गर्नु पर्नेछ र संस्थाले त्यस्तो सूचनको रेकर्ड राखि सूचना पाएको २४ घण्टा भित्र मर्मत गरिने छ

र सो समयभित्र मर्मत गर्न नसकिएमा ग्राहकलाई मर्मत गर्न नसकिएको अवधिभरको सेवा शुल्क छुट दिनु पर्नेछ। यसरी अबरुद्ध सेवा सञ्चालन गर्दा लाग्ने लागत कम्पनी आफैंले ब्यहोर्नु पर्ने छ।

५. प्राविधिक कारण वा मर्मतको कारण सेवा अवरुद्ध हुने भएमा संस्थाले ग्राहकलाई ३ दिन अघि पूर्व जानकारी दिनु पर्नेछ।

६. ग्राहकले सेवा प्रयोग गरे वापत नेपाल सरकारले सो सेवाका लागि समय समयमा तोकेको कर दस्तुर बुझाउनु पर्नेछ।

७. ग्राहकले सेवा प्रयोग गरे बापत तिर्ने महशुल दर नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत दर रेट भन्दा बढि हुने छैन।

८. ग्राहकले सेवा शुल्क संस्थाको नियमानुसार समयमानै बुझाउनु पर्नेछ। तोकिएको सययभित्र महशुल नबुझाएमा संस्थाको नियमानुसार विलम्ब शुल्क लाग्नेछ।

९. विलम्ब शुल्कको अन्तिम समयसम्म पनि ग्राहकले शुल्क नबुझाएमा ग्राहकको सेवा संस्थाले बन्द गरी शुल्क प्राप्त भए पश्चात पुनः संञ्चालन गरी दिनेछ।

१०. ग्राककले सेवा शुल्क एवं सेवा सम्वन्धमा कुनै लिखित गुनासो गरेमा संस्थाले छानविन गर्नेछ र छानविन समितिको निर्णय दुवै पक्ष (ग्राहक र संस्था) लाई मान्य हुनेछ। उक्त निर्णय उपर चित्त नबुझेमा दूरसञ्चार नियमावली, २०५४ बमोजिम नेपाल दूरसञ्चार प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ।

११. जुनसुकै प्रयोजनको लागि लिएको इन्टर्नेट/इ-मेल सेवा पनि दूरसञ्चार ऐन, नियम, नीति एवं अन्य व्यवस्थाको प्रतिकूल हुने गरी गैर कानूनी तथा अनधिकृत प्रयोग भएको पाइएमा संस्था र सम्बन्धित ग्राहक नै जवाफदेही हुनेछ।

१२. यो सम्झौता अवधि ग्राहकले इन्टर्नेट/इ-मेल सेवा प्रयोग गरेसम्म वा अन्य ग्राहकको नाममा नामसारी नभएसम्म कायम रहनेछ।

१३. यस अघि ग्राहकसँग भए गरेका सम्झौतालाई यसै सम्झौता परिणत गरिएको छ। यो सम्झौता लागू भएपछि यस अघिका सम्पूर्ण सम्झौताहरु स्वतः खारेज भएको मानिनेछ।

१४ इन्टरनेट इमेल सेवा सञ्चालकले ग्राहकहरुलाई इन्टरनेट सेवा विक्रि गर्दा ग्राहकसंग गर्ने सम्भौताका शर्तहरुका अतिरिक्त साइबर क्याफे वा सूचना केन्द्र संचालन गर्न चाहने व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुन।

(क) साइबर क्याफे वा सूचना केन्द्र सञ्चालन गर्नु पूर्व सेवा सञ्चालकले सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा उद्योग विभाग अन्तर्गतका निकाय वा स्थानीय निकायमा दर्ता गरिने व्यवस्था भए सो समेतमा संस्था दर्ता गरेको हुनु पर्नेछ ।

(ख) साइबर क्याफे वा सूचना केन्द्र सञ्चालन गर्नु पूर्व सेवा सञ्चालकले अनिवार्य रुपमा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) लिनु पर्नेछ ।

(ग) साइबर क्याफे वा सूचना केन्द्र सञ्चालकले सेवा उपलब्ध गराए वापत उपभोक्ताबाट रकम असुल गरेपछि अनिवार्य रुपमा बील बनाइ ग्राहकसंग लिएको रकमको रसिद ग्राहकलाई दिनु पर्नेछ ।

(घ) साइबर क्याफे वा सूचना केन्द्रले आफूले सेवा संचालन गरेको स्थान परिवर्तन गर्नु परेमा वा संचालकहरु परिवर्तन भएमा त्यसको सम्पूर्ण विवरण सम्बन्धित सम्पूर्ण निकाय (दर्ता गरेका) हरुमा जानकारी दिनुपर्नेछ ।

(ङ:) साइबर क्याफे वा सूचना केन्द्रले आफ्नो केन्द्रमा ग्राहकले पालना गर्नु पर्ने अनुशासन लगायतका विषयमा जनचेतनामूलक सन्देशहरु राख्नुपर्नेछ ।

(च) ग्राहकले आफुले प्रयोग गरेको सेवाको वारेमा जान्न चाहेमा साइबर क्याफे वा सूचना केन्द्रले त्यस्तो सूचना उपलव्ध गराउनु पर्नेछ ।

(छ) साइबरक्याफे वा सूचना केन्द्रले आफ्ना ग्राहकको परिचय पत्र (नागरिकता,सवारी चालक अनुमतिपत्र (Driving License), विद्यार्थी परिचय पत्र) हेरेर सेवा प्रयोग गराउने र सो प्रयोग गरेको लगवुक तयार गर्नुपर्नेछ ।

(ज) साइबर क्याफे वा सूचना केन्द्रले सुरक्षा निकायले माग गरेको अवस्थामा त्यस्तो लगबुक उपलब्ध गराउनु पर्नेछ र अन्य अवस्थामा त्यस्तो विवरण गोप्य राख्नु पर्नेछ ।

(झ) साइबर क्याफे वा सूचना केन्द्रले बुझाउनु पर्ने कर, दस्तुर नेपाल सरकारले समय समयमा तोके बमोजिम हुनेछ ।

(ञ) साइबर क्याफे वा सूचना केन्द्रले ग्राहकसँग लिने महशुल दर सबैले देखिने गरी राख्नुपर्नेछ ।

(ट) साइबर क्याफे वा सूचना केन्द्रले ISP संग लिएको Internet Speed (Bandwidth) र सो Internet Speed (Bandwidth) Sharing गरीएको कम्प्यूटरको संख्या प्रष्टसंग सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ठ) साइबर क्याफे वा सूचना केन्द्र र ग्राहक वीच सेवा सम्बन्धमा विवाद परेमा आपसी छलफलबाट विवादको समाधान गर्ने प्रयास साइबर क्याफे वा सूचना केन्द्रले गर्नु पर्नेछ ।

(ड) जुनसुकै प्रयोजनको लागि लिएको इन्टर्नेट (इ-मेल) सेवा भए पनि प्रचलित कानुनले निषेध गरेका कृयाकलाप गर्न पाइनेछैन  र अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकको सेवा मात्र प्रयोग गर्नुपर्नेछ।

(ढ) साइबर क्याफे वा सूचना केन्द्रले सम्बन्धित सेवा प्रदायकले समय समयमा जारी गरेको निर्देशनको पालना गर्नु सम्वन्धित साइबर क्याफे वा सूचना केन्द्रको कर्तव्य हुनेछ।

**सेवा प्रदायकको तर्फबाट**

हस्ताक्षर :

नाम :

पद :

मिति :

संस्थाको छाप :

**ग्राहकको तर्फबाट**

हस्ताक्षर :

नामः

ठेगाना :

मिति :

कार्यालयको छाप (संस्था भएमा) :-